# शोध निर्देशकको सम्मति

श्री योगेश खाती (**No. Ph.D/Nep.(1163)/1054/R-2018 dated 04.04.2018**) शोधार्थीद्वारा उत्तर बङ्ग विश्वविद्यालयअन्तर्गत नेपाली विभागसँग सम्बन्धित रही 'विद्यावारिधि' उपाधि हेतु **'स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकमा समाज-राजनैतिक चेतनाको अध्ययन'** शीर्षकमा यो शोध-प्रबन्ध शोध लेखनका यथानियमादि पालन गरी पूर्ण निष्ठा एवम् लगनशीलताका साथ मेरो निर्देशनमा सम्पन्न गरिएको सर्वथा मौलिक अनुसन्धान कार्य हो भनी प्रमाणित गर्दै अनुसन्धित विषयको यथोचित मूल्याङ्कनार्थ उत्तर बङ्ग विश्वविद्यालयका अधिकृत तथा निकायसमक्ष पेश गर्दछु।

२६/१२/२०२२


शोध निर्देशक

प्रोफेसर (डा) कृष्णराज घतानी

नेपाली विभाग

उत्तर बङ्ग विश्वविद्यालय

राजा राममोहनपुर, दार्जिलिङ

पश्चिम बङ्गाल, भारत।


सन् २०२२

## भावहरण नगरिएको प्रतिज्ञापत्र

प्रस्तावित शोध-प्रबन्ध तयार गर्दा नेपाली, हिन्दी तथा अङ्ग्रेजी भाषाका विभिन्न पुस्तकबाट सन्दर्भ र आधार सामाग्री ग्रहण गरिएका छन्। विषयअनुसारको अध्ययन प्रस्तुत गर्दा आधार सामाग्रीका रूपमा प्रयोग गरिएका पुस्तकहरूबाट आवश्यकताअनुसार एकाध शब्दहरू, वाक्यांश तथा वाक्यहरू यथावत रूपमा राखी उद्धृत गरिएका छन्। विशेष हिन्दी र अङ्ग्रेजी भाषाबाट प्राप्त सामाग्रीलाई नेपाली भाषाका आफ्नै शब्दावलीमा शोध-प्रबन्धलाई मैलिक किसिमले प्रस्तुत गर्ने प्रयास गरिएको छ। यो शोध-प्रबन्ध मैले मेरो सामर्थ्यअनुसार मौलिक रूपमा लेख्ने प्रयास गरेको छु।




योगेश खाती

शोधार्थी

**No. Ph.D/Nep.(1163)/1054/R-2018**

नेपाली विभाग

उत्तर बङ्ग विश्वविद्यालय

Ouriginal
by Turnitin

## Document Information

| | |
|---|---|
| **Analyzed document** | Yogesh Khati_Nepali.pdf (D154611660) |
| **Submitted** | 2022-12-29 06:38:00 |
| **Submitted by** | University of North Bengal |
| **Submitter email** | nbuplg@nbu.ac.in |
| **Similarity** | 0% |
| **Analysis address** | nbuplg.nbu@analysis.urkund.com |

## Sources included in the report

Yogesh Khati
30.12.2022

# कृतज्ञता ज्ञापन

**स्वातन्त्र्योत्तर दार्जिलिङका नेपाली नाटकमा समाज-राजनैतिक चेतनाको अध्ययन** शीर्षक रहेको यस शोध-प्रबन्धको शोध आरम्भ गर्दा उचित निर्देशन, आदेश र मार्ग निर्देशन गरिदिनुहुने मेरा श्रद्धेय गुरु प्रोफेसर डा कृष्णराज घतानीप्रति सर्वप्रथम शिर नत गरेर म आभार व्यक्त गर्न चाहन्छु। यस शीर्षकअन्तर्गत शोध-प्रबन्धको थालनीदेखि पूर्ण गर्दासम्म गुरुले आफ्ना अमूल्य समय र विद्वतापूर्ण निर्देशन प्रदान गर्नुभयो। यसका निम्ति म सदैव आभारी रहनेछु। नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालयका सम्पूर्ण शिक्षकगणप्रति उहाँहरूका आवश्यक सुझाउ अनि प्रोत्साहनका लागि हार्दिक धन्यवाद प्रकट गर्दछु। यस शोधकार्यमा चाहिने सामग्रीहरू सङ्कलन गर्न सहायता गर्ने मेरा सम्पूर्ण साथीहरू अनि सम्बन्धित पुस्तकालय/व्यक्तिहरू सबैप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। पुस्तकालयका महत्त्वपूर्ण सान्दर्भिक ग्रन्थहरू अध्ययन गर्न दिने उत्तर बङ्ग विश्वविद्यालयका सम्बन्धित विभागप्रति कृतज्ञता प्रकट गर्दछु। शोधका समयमा आवश्यक प्रोत्साहन अनि सहकारिता प्रदान गर्ने मेरा कार्य क्षेत्र खरसाङ महाविद्यालयका विगत अनि वर्तमानका प्राचार्य एवम् शिक्षक प्रभारीहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। शोधका निम्ति चाहिएका सम्पूर्ण पुस्तकहरू प्रदान गर्नुहुने पुस्तकालय विभाग खरसाङ महाविद्यालयप्रति आभार व्यक्त गर्दछु।

शोधका निम्ति चाहिएक सामग्रीहरू जोहो गरिदिने अनि सदैव आवश्यक उत्साह प्रदान गर्ने श्रद्धेय अग्रज कबीर बस्नेतप्रति कृतज्ञता प्रकट गर्दछु। मेरो शोध कार्यको समयमा पारिवारिक जिम्मेवारी वहन गरी मलाई अनुकूल वातावरण निर्माण गर्दै, पारिवारिक झमेलाबाट अलग राखेर मेरो कामको निम्ति स्वतन्त्रता दिने अनि सदैव मेरो छेउमा उभिदिने मेरी श्रीमती अनुपा राई अनि छोरा आयान योगेशप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु। आवश्यक सहयोग अनि उत्साहका लागि मेरा परिवारका सबै सदस्यजनलाई पनि कृतज्ञता प्रकट गर्दछु। यस शोध-प्रबन्धमा रहेका कमी-कमजोरीहरू नितान्त मेरा कमजोरी हुन्। यस शोध-प्रबन्धमा रहेका कमी-कमजोरीप्रति खेद प्रकट गर्दै भविष्यमा उक्त क्षेत्रमा अझ कार्य गर्ने सङ्कल्प लिएको छु।

30.12.2022

योगेश खाती

मिति: दिसम्बर २०२२ खरसाङ

# सङ्केत सूची

| | | |
|---|---|---|
| गो.दु.नि.स | = | गोर्खा दु:ख निवारक सम्मेलन |
| गो.ने.थि.पा. | = | गोर्खा न्यास्नल थिएट्रिकल पार्टी |
| चि.ए.ए. | = | चिल्ड्रेन्स एड्भानस्टमेन्ट एशोसिएसन |
| प.सं. | = | पहिलो संस्करण |
| दो.सं | = | दोस्रो संस्करण |
| वि.स. | = | विक्रम सम्वत् |
| सम्पा | = | सम्पादक |